स्थानीय सरकार
Local Government
# दुहवी नगरपालिका
Duhabi Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
दुहवी, सुनसरी

प.सं.-२०८२/०८३
च.नं.-

कोशी प्रदेश,नेपाल
Koshi Province, Nepal

मिति : २०८३।०२।२५

## कर्मचारीहरुको तह वृद्धि सम्बन्धी ३० दिने सूचना !!!

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० तथा दुहवी नगरपालिकामा कार्यरत कर्मचारीहरूको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमो जिम तहवृद्धिको योग्यता पुगेका स्थानीय सेवाका स्थायी कर्मचारीहरूको तहवृद्धि प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। तहवृद्धिको योग्यता पुगेका इच्छुक कर्मचारीहरूले देहाय बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी दुहवी नगरपालिकामा कार्यरत कर्मचारीहरूको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची–२ बमोजिमको निवेदन फाराम भरी सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयमा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छातोकिएको समयावधिभित्र आवेदन दर्ता नगराएमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कर्मचारी स्वयंको हुने तथा यस कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. सेवा अवधि पुष्टि हुने नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र, स्तरवृद्धि पत्र तथा रमाना पत्रको प्रमाणित प्रतिलिपि।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि।

४. कामकाजमा खटाइएका (कामकाज सरुवामा रहेका) कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्रको प्रमाणित प्रतिलिपि।

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

६. प्रचलित कानून तथा कार्यविधिले माग गरेका अन्य आवश्यक कागजातहरू।

२/२५
सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner